आज मिति २०७५।११।२१ गतेका दिन यस चौदण्डीगढी नगरपालिका नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर बोर्डको नियमित बैठक तपसिलको उपस्थितिमा बसियो ।

तपसिल उपस्थिति

१. श्री खगेन्द्र राई – नगर प्रमुख
२. श्री लिला कुमारी चौधरी – उप-प्रमुख
३. श्री रोहितमान तामाङ – अध्यक्ष वडा नं. १
४. श्री सन्तोष सुबेदी – ,, २
५. श्री पद्मराम राई – ,, ३
६. श्री चरण कुमार राई – ,, ४
७. श्री देव नारायण चौधरी ,, ५
८. श्री कमलध्वज राई ,, ६
९. श्री तेजराज तिम्सिना ,, ७
१०. श्री श्याम बहादुर मगर ,, ८
११. श्री प्रकाश राउत ,, ९
१२. श्री राम कुमार खड्का ,, १०
१३. श्री देवि कुमारी कार्की – नं.का.स.
१४. श्री मदन कुमारी कार्की – ,,
१५. श्री जानुका कमर – ,,
१६. श्री विमला राई – ,,
१७. श्री डोमा शेर्पा – ,,
१८. श्री अस्मिता नेपाली – ,,
१९. श्री प्रमिला पजुवार – ,,
२०. श्री सुन्दर प्रकाश साह – ,,
२१. श्री ताराकिरण राई लेखा अधिकृत
२२. श्री नेत्र बो. वि. रु.

आदित –

प्रस्तावहरु

१. कृषि कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ पारित गर्ने सम्बन्धमा ।
२. अनुमोदन सम्बन्धमा ।
३. साना सिंचाई कार्यक्रम सम्बन्धमा ।

२०, शिक्षा तर्फको भौतिक तथा शैक्षिक कार्यक्रम सम्बन्धमा।
२१, आर्थिक सहयोग सम्बन्धमा।

४, हेल्भेटास तर्फको सफ्टवयर सम्बन्धी कार्यक्रम सम्बन्धमा।
५, नगर स्तरीय कृषि समिति गठन सम्बन्धमा।
६, योजना संशोधन सम्बन्धमा वडा नं. ३ र ७
७, प्राथमिक स्वास्थ्य केन्द्रको माग सम्बन्धमा।
८, पोष्टमार्टम सहयोगिको करार सम्बन्धमा।
९, साझा सहकारी सम्बन्धमा।
१०, वडा नं. ७को भुल्केको ड्रिपट्युवेल उपभोक्ता संस्थाको माग बारे।
११, वेल्टारे निर्माण सेवा प्रा.लि. लाई ख वर्गको इजाजत दिने बारे।
१२, वडा नं. १ शिखरपुरको पानी घट्ट सम्बन्धमा।
१३, गरिब संग विश्वेश्वर कार्यक्रम सम्बन्धमा।
१४, नेपाल शेर्पा संघको माग सम्बन्धमा।
१५, नौमती पञ्चेबाजा खरिद अनुदान सम्बन्धमा।
१६, वडा नं. २ र ४को नदि नियन्त्रण तथा कुलो मर्मत सम्बन्धमा।
१७, बालाविकास कोटा थप सम्बन्धमा
१८, पुनरुद्धार सम्बन्धि छुट्टाछुट्टै निवेदन सम्बन्धमा।
१९, विविध सम्बन्धमा

## छलफल तथा निर्णयहरु

नि.नं.१ प्रस्ताव नं. १माथि छलफल गर्दा यस न.पा.को कृषि कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि. २०६५ लाई पारित गरियो।

नि.नं.२ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस न.पा.को मिति २०६५।११।१५ मा भएको खातेवाले व्यवस्थापन सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

नि.नं.३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगर क्षेत्रमा संचालित साना सिंचाई कार्यक्रम अन्तर्गत सम्पन्न तथा चालु भएका र अब कार्यान्वयन हुने योजनामा कृषि प्रणाली विकासका लागि प्रयास हेल्भेटास संग आर्थिक तथा प्राविधिक सहयोग माग गर्ने निर्णय गरियो।

नि.नं.४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा प्रयास हेल्भेटास अन्तर्गत संचालन हुने तालिम, गोष्ठी, अभिमुखिकरण र समिक्षा बैठक सम्बन्धि सफ्टवयरका कार्यक्रमहरु संचालन गर्ने गरि अर्को व्यवस्था नभए सम्मको लागि यस नगर

का प्रशासकिय अधिकृत श्री जंगम राई लाई फोकल- पर्सनको रूपमा तोक्ने निर्णय गरियो ।

नि.नं.४ प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस न.पा.को कृषिकार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम नगरपालिका स्तरीय कृषि विकास समिति तपसिल बमोजिम गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. श्री रिता कुमारी चौधरी - संयोजक - उपप्रमुख
२, श्री मदन कुमारी कार्की - सदस्य - प्रमुखद्वारा मनोनित म.स.
३, श्री आसमिता नेपाली - सदस्य - दलित/अल्पसंख्यक म.स.
४, श्री शिव प्रकृतिमगर्ई - सदस्य - प्रमुख प्रशासकिय अधिकृत
५, श्री शान्ता पाण्डेय - सदस्य - वित्तियसंस्था वडा नं. ५

६, श्री प्रताप कटवाल - सदस्य - एग्रोभेट
७, श्री सम्झना राई - सदस्य - महिला कृषक समूह
८, श्री - सदस्य - कृषि शाखा
९, श्री - सदस्य सचिव - पशु वि. शाखा

नि.नं.५ प्रस्ताव नं. ६ माथि छलफल गर्दा वडा नं. ३ र ७ बाट योजना संशोधनको लागि निर्णय भई आएको हुँदा सोही बमोजिम पारित गर्ने निर्णय गरियो ।

तपसिल

वडा नं. ३

| साविक शीर्षक | संशोधित शीर्षक |
|---|---|
| (१) राम कुमार राईको घर अगाडि बाटो मर्मत रु. १००,०००/- | (१) राम कुमार राईको घर अगाडि बाटो मर्मत तथा खानेपानी इनार मर्मत समेतलागी रु. १००,०००/- |
| २, मंगलबारे देखी बराघिपल सम्म ग्रावेल योजना रु. १२०,०००/- | २, मंगलबारे देखी बराघिपल सम्म कलभर्ट तथा ह्युमपाइप निर्माण रु. १२०,०००/- |

वडा नं. ६

| साविक शीर्षक | हाल संशोधित शीर्षक |
| --- | --- |
| १, साझालाईन आदर्श चोक ढल निर्माण रु. १६,४८,०००।- (यस शीर्षकमा बाँकी रहने रकम रु. ६,२८०००।-) | १, कल्याण चोकबाट खन्तरेको घर सम्म पूर्व साईड ढल निर्माण रु. ६,५०,०००।- <br> २, मुल्के पोखरी टोल इनार निर्माण रु. ६०,०००।- <br> ३, राष्ट्रिय बैंक पछाडी राकेका टोल इनार मर्मत रु. १००,०००।- <br> ४, कृष्ण खत्रीको घर उत्तरबाट पूर्व दुर्गा मन्दिर जोड्ने बाटो मर्मत रु. १२०,०००।- <br> ५, ध्रुव योगीको गाउँमा कुलो मर्मत रु. ५०,०००।- |

नि.नं.७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा प्राथमिक स्वास्थ्य केन्द्र बेल्हारको माग बमोजिम उपर्युक्त बजेट शीर्षक बाट ल्यापटप/कम्प्युटर प्रिन्टर लगायतको मेशीनरी सामानहरु उपलब्ध गराउने निर्णय पारित गरियो।

नि.नं.८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा प्रा.स्वा.के. बेल्हारमा पोष्टमोर्टम सहयोगीको रुपमा करार नियुक्ति भएको विरेन्द्र मरिकेले २०६२ साल माघ मसान्त बाट कामकाज छाडेकोले प्रा.स्वा.के.को सिफारिस बमोजिम उक्त पोष्टमोर्टम सहयोगी मा मिति २०६२ साल फाल्गुण १ गते बाट लागू हुने गरी जिल्ला सप्तरी कन्चनरुप न.पा. वडा नं. ३ बस्ने अर्जुन मरिकेडोम लाई करार नियुक्ति गर्ने निर्णय गरियो।

नि.नं.९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ६ मा संचालित साझा सहकारी संस्थाको सम्बन्धमा यस न.पा.को साझा सहकारी शाखा बाट सम्पूर्ण हरहिसाब सहितको विवरण माग गरेकोमा उक्त संस्थाबाट अस्पष्ट रिपोर्ट

प्राप्त भएको र सो संस्थाको संबन्धमा वृहद छलफल गर्नुपर्ने आवश्यक देखिएकोले उक्त संस्थाको संचालक समिति तथा शेयर सदस्यहरु समेत लाई पत्राचार गरि विस्तृत रुपमा छलफल गरि प्रतिवेदन पेश गर्न सहकारी शाखालाई जानकारी गराउने निर्णय गरियो।

नि.नं.१० प्रस्ताव नं. १० माथि छलफल गर्दा वडा नं.६ को मुलके डिपट्युवेल उपभोक्ता संस्थाको माग बमोजिम उक्त डिपट्युवेल उपभोक्ता संस्थाको बिगतको तिर्न बाँकी बिधुत महशुल रकम रु.६०,०००।- न.पा.को बिधुत शीर्षक बाट उपलब्ध गराउने साथै उक्त संस्थाको लागी १ थान कृषि मिटर उपलब्ध गराउने निर्णय गरियो। साथै उक्त योजनाको थप मर्मत संहारको लागि प्राविधिक खटाई लागत स्टीमेट गराई आवश्यक कार्य गर्ने निर्णय गरियो।

नि.नं.११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ८ बस्ने प्रेम कुमार क्षेत्री (खड्का) को नाममा दर्ता हुन आएको वेल्टोर निर्माण सेवा प्रा.लि. लाई यस कार्यालय -को स्वीकृत कार्यविधि अनुसार 'घ' वर्गको निर्माण व्यवसायी इजाजत प्रमाण पत्र दिने निर्णय गरियो। (संलग्न टिप्पणी तथा कागजातको आधारमा)

नि.नं.१२ प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस न.पा.को वडा नं. १ को सिफारिस तथा काभ्रे सिरवरपुर पानीघट्टा सिंचाई योजनाको अध्यक्ष अपाजित राईको माग बमोजिम उक्त पानीघट्टा मा जाँतो खरिदको लागि न.पा.को भैपरी शीर्षक बाट रु.२०,०००।- (बीस हजार) उपलब्ध गराउने निर्णय गरियो।

नि.नं.१३ प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ८ मा संचालित गरिब संग विशेश्वर कार्यक्रम संचालन तर्फ प्राप्त रकम रु. ३,९४,०००।- बाट तपसिल बमोजिम कार्यक्रम तयार गरि वडाबाट सिफारिस भई आएको हुँदा तपसिल बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल

| सि.नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १. | कर्मचारी तलब | रु.१,६९,०००।- | |
| २. | स्टेशनरी | रु.१५,०००।- | |
| ३. | मास डाँडा मोटरबाटो स्तरोउन्नती | रु.५०,०००।- | |
| ४. | समूहमा बाखा वितरण | रु.१,४०,०००।- | |
| ५. | कार्यक्रम अनुगमन खर्च | रु.२०,०००।- | |
| | जम्मा | ३,९४,०००।- | |

<u>नि.नं.१४</u> प्रस्ताव नं.१४ माथि छलफल गर्दा २०७६ औं ग्यालवो ल्होछार पर्व आयोजक समितिको माग बमोजिम गा.पा.को संस्कार संस्कृति शीर्षकबाट रु.५०,०००।- पचास हजार उपलब्ध गराउने निर्णय गरियो।

<u>नि.नं.१५</u> प्रस्ताव नं. १५ माथि छलफल गर्दा ६ नं. वडा कार्यालय सिवीतीको सिफारिस बमोजिम उक्त वडाले खरिद गरेको नौमती पंचेबाजा खरिदको लागि अपुग रकम रु.५०,०००।- यस गा.पा.को संस्कार संस्कृति शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

<u>नि.नं.१६</u> प्रस्ताव नं. १६ माथि छलफल गर्दा वडा नं. ~~[illegible]~~ २को जंगत बाँ मगर तथा वडा नं. ४को नदि नियन्त्रणको माग सम्बन्धी आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो।

<u>नि.नं.१७</u> प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस गा.पा.को शिक्षा शाखा बाट प्रस्ताव भई आए अनुसार तपसिल अनुसारका विद्यालयहरुमा बालविकास कोटा थप गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

निर्णय नं.

प्रश्तुत विषयमा यस नगरपालिका अन्तर्गत सञ्चालित तपशिलका सामुदायिक बिद्यालयहरुमा हाल सम्म पनि वाल विकास केन्द्र स्थापना नभएको कारण सम्वन्धित विद्यालय सेवा क्षेत्रका वालवालिकाहरुलाई आधारभूत विद्यालय शिक्षा लिन बाट बञ्चित हुनु परेकोले यस आ.व.२०७५/७६ को शिक्षाको बिनियोजित शिर्षक वजेटको शिर्षक नं २० को शिक्षक दरवन्दी कम भएका तथा विद्यार्थी संख्या बढी भएका विद्यालहरुको शिक्षक ब्यबस्थापन कृयाकलाप शिर्षक बाट खर्च हुने गरी तपशिलमा उल्लेखित विद्यालयमा वालविकासको १/१ स.का.को कोटा शैक्षिक वर्ष २०७६ देखि लागू हुने गरी नियमानुसार वितरण गर्ने भनी सर्व सम्मतीवाट निर्णय पारित गरियो ।

तपशिल

१.जलेश्वरी जनता आ.विद्यालय,रानीटार

२.आदर्श आ.वि.अप्राहा

३.शारदा आ.वि.सिध्दिपुर

४.शिखर आ.वि.शिखरपुर

५.सिंहदेवी मा.वि.माडिवास

६.सगरमाथा मा.वि.भोर्लेनी

७.राजाजी आ.वि.हात्तिसार,हडिया

८.नमूना आ.वि.डाडाटोल,हडिया

९.जनता आ.वि.छुइला

विद्यार्थी संख्या बढी भएको कारणले थप कोटा वितरण गर्न सिफारिस गरिएका विद्यालय

१०.जन कल्याण आ.वि.हात्तिसार,बसाहा (५६)

११.रक्तमाला आ.वि.सुधारे (५३)

नि.नं.१८ प्रस्ताव नं.१८ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ८ मा ढुङ्गा उत्खनन गर्ने कार्य भई रहेकोमा स्थानीय व्यक्तिहरु तथा उत्खनन गर्ने कम्पनी समेतले विवाद भएको भनी छुट्टा छुट्टै निवेदन पेश भएको हुँदा उक्त दुवै पक्षलाई बोलाई आवश्यक छलफल गराउने निर्णय गरियो ।

नि.नं.१९ प्रस्ताव नं. १९ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ५ सुन्दरपुरको प्रहरी चौकीको नाममा (साविक सुन्दरपुर गा.वि.स.) मा २०४५ सालमा इलाका प्रहरी कार्यालय सुन्दरपुरको नाममा ८ कठ्ठा जग्गा यो चार किल्ला भित्र पूर्वमा पुरानो गा.वि. भवन पश्चिम इ.प्र.का., दक्षिण फत्तेपुर गाईघाट सडक र उत्तरमा नम्बरी आवादी जग्गा रहेको हुँदा सम्वन्धित निकायमा प्रमाणित गरि पत्राचार गर्ने निर्णय गरियो । साथै वडा नं. ८ बस्ने आङछिरी राईको माग निवेदन बमोजिम लुडुङगीनटार, सालघारी, डहर हुँदै सुधारेसम्म [illegible] सम्मको मोटर बाटोको ट्रयाक खोल्न प्राविधिक स्टिमेट गराई न.पा.को मर्मत संभार तथा मर्मत शीर्षकबाट बजेट उपलब्ध गराउने निर्णय पारित गरियो

आ.व.२०७५/७६ को भौतिक तथा अन्य कार्यक्रमहरु (प्रस्तावित)

| क्र.सं. | क्रियाकलाप नं. | कार्यक्रमको नाम | कोटा सं. | सिफारिस गरिएको विद्यालयहरु | प्राथमिकिकरणको औचित्य |
|---|---|---|---|---|---|
| १ | 2.15.11.786 | उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यालयलाइ सिकाइ सुदृढीकरण तथा विद्यालयलाइ कार्य सम्पादनमा आधारित अनुदान( Performance based Grants) | ९ | १. कालीका मावि सिर्वानी, २. सरस्वती मावि सावा, ३. मावि सिवाई, ४.ज्योति मावि बेल्टार,५. सिद्दकाली आ.वि.भित्ते, ६. जनविकास मावि भिमा, ७.जाल्पा जन मावि अजिंगरे,८. मावि आमसाल,९. महादेवेश्वर आ वि बसाहा | बिषयगत रुपमा उल्लेखित बिद्यालयहरु उत्क्रिष्ट पाइएको |
| २ | 2.15.11.788 | माध्यामिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन(फिक्सीङ, किताव खरिद, तथा इ पुस्तकालय समेत) | ४ | १ लौवागढी मावि खैराहा, २. जनता मावि लुङ्गिनटार, ३. भगवती मावि मुसहर्निया, ४. सिंहदेवी मावि माडिबास | बिद्यार्थी सन्ख्याको आधारमा पुस्तकालय आवश्यक देखिएको |
| ३ | 2.15.11.789 | शिक्षण सिकाइमा सुचना प्रविधि को प्रयोग( कम्प्यूटर, इन्टरनेट, कनेक्टिभिटी इक्यूपमेन्टस तथा सामग्री खरिद) का लागि अनुदान | ३ | १. कालीका मावि सिर्वानी, २. सरस्वती मावि सावा, ३. मावि सिवाई | आधुनिक प्रविधिको प्रयोग गरी शिक्षण गर्न |
| ४ | 2.15.11.792 | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | ३ | १. थानपोखरी मावि ज्यामिरे, २. सिद्धेश्वरी मावि मुसहर्निया, ३. नारद आदर्श मावि बसाहा | विद्यालयमा विज्ञान प्रयोगशालाको आवश्य |
| ५ | 2.15.11.794 | गणित,विज्ञान र अङ्गेजी विषयका लागि क्रियाकलापमा आधारित सामाग्री अनुदान(kits) (कक्षा ६-८ का लागि) | ४ | १. आ.वि.बेल्हा, २.जनज्योति आ.वि.अमलचौरी,३. शारदा आ.वि.सिद्धिपुर,४. जलेश्वरी जनता आ.वि. रानीटार | |
| ६ | 2.15.11.797 | पानी तथा स्वास्थ्य र सरसफाई सुविधा सहितको शौचालय निर्माण | २ | १. ज्योति मावि बेल्टार २. नारद आदर्श मावि बसाहा | बिद्यार्थी सन्ख्याको आधारमा शौचालय आवश्यक देखिएको |
| ७ | 8.2.3.31.10 | २ कोठे नयाँ कक्षाकोठा सहित फर्निचर निर्माण(ल्याव/लाईव्रेरी समेत) | २ | १. पञ्चमी आ.वि.बेल्टार २. कौवैदेवी आ.वि. झोरापाटा | बिद्यार्थी सन्ख्याको आधारमा नयाँ कक्षाकोठा सहित फर्निचर निर्माण(ल्याव/लाईव्रेरी समेत) को आवश्यकता भएको ,भवन सन्ख्या नपुग |

प्रस्ताव नं. २४ माथि छलफल गर्दा यस न.पा. का विभिन्न वडा बाट आर्थिक सहयोगकोलागि सिफारिस भई आएको हुँदा यस न.पा. को स्वास्थ्य राहत कार्यविधि बमोजिम तपसिल बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१, चनावती चौधरी - वडा नं. ५ (क्यान्सर विरामी) रु. ५०,०००।-
२, जनक ब० भुजेल - वडा नं. ६ (मुटुरोगी) रु. ५०,०००।-
३, एका लक्ष्मी श्रेष्ठ - वडा नं. ६ (मुटुरोगी) रु. ५०,०००।-
४, लक्ष्मण प्रसाद रौनियार (वडा नं. १० (अन्य रोग) रु. १५,०००।-
५, सविता चौधरी नवजात शीशु (वडा नं. ५ उपचार) रु. १५,०००।-
६, महि नारायण चौधरी वडा नं. ६ मुटु रोगी रु. ५०,०००।-
७, पार्वती रोकाया वडा नं. ३ हात भाँचिएको रु. १०,०००।- ([illegible])
८, जानुका रोकाया वडा नं. ३ हात भाँचिएको रु. १०,०००।-
९, गीता कार्की वडा नं. ६ मुटु रोगी रु. ५०,०००।-